# छार्का ताङसोङ गाउँपालिकाको विनियोजन ऐन, २०८३

छार्का ताङसोङ गाउँपालिकाको आर्थिक वर्ष २०८३।०८४ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

प्रस्तावना:

छार्का ताङसोङ गाउँपालिकाको आर्थिक वर्ष २०८३।०८४ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको.संविधानको धारा २२९ को उपधारा २ बमोजिम छार्का ताङसोङ गाउँसभाले यो ऐन बनाएको छ।

**१.संक्षिप्त नाम र प्रारम्भ:** (१)यस ऐनको नाम छार्का ताङसोङ गाउँपालिकाको विनियोजन ऐन, २०८३ रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

**२.आर्थिक वर्ष २०८२।०८३ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार:** (१)आर्थिक वर्ष ०८३।०८४ को निमित्त गाउँ कार्यापालिका वडा समिति विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लेखित चालु खर्च पूँजीगत खर्च र वित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु २७००९००००। (अक्षरुपी सत्ताइस करोड नब्बे हजार) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ।

**३.विनियोजन:** (१)यस ऐनद्वारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिईएको रकम आर्थिक वर्ष २०८३।०८४ को निमित्त छार्का ताङसोङ गाउँपालिकाको गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ।

(२)उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ। यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको २५ प्रतिशतले नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ। पूँजीगत खर्च र वित्तीय व्यवस्था तर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालु खर्च शीर्षक तर्फ सार्न र वित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ विनियोजित रकम व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन।

तर चालु तथा पूँजीगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक श्रोतबाट अर्को श्रोतमा रकम सार्न सकिनेछ।

(३)उपदफा (२)मा जुनसुकै कुरा लेखिएको भएतापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउँ सभाको स्वीकृत लिनुपर्नेछ।

अनुसूची १

छार्का ताङसोङ गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

कागकोट डोल्पा

आ. व. ०८३।०८४ को आय व्यय म्याट्रिक्स

| आय तर्फ | | | व्यय तर्फ | |
|---|---|---|---|---|
| क्र. सं. | आय विवरण | रकम | चालु खर्च | पूँजीगत खर्च |
| १ | संघीय सशर्त अनुदान | ४२९००००० | ३९६००००० | ३३०००००० |
| २ | संघीय समपुरक अनुदान | ० | ० | ० |
| ३ | संघीय विशेष अनुदान | ० | ० | ० |
| ४ | संघीय वित्तिय समानीकरण अनुदान | ७५३००००० | ० | ७५३००००० |
| ५ | संघीय राजश्व बाँडफाँड अनुदान | ७६६७१००० | ७६६७१००० | ० |
| | संघीय अनुदान जम्मा: | १९४८७१००० | ११६२७१००० | ७८६००००० |
| | प्रदेश सशर्त अनुदान | १२७५७००० | ७५७००० | १२०००००० |
| | प्रदेश समपुरक अनुदान | १४०००००० | ० | १४०००००० |
| | प्रदेश विशेष अनुदान | ९५००००० | ० | ९५००००० |
| | प्रदेश वित्तिय समानीकरण अनुदान | ४५६२००० | ० | ४५६२००० |
| | प्रदेश राजश्व बाँडफाँड अनुदान | ७००००० | ० | ७००००० |
| | प्रदेश अनुदान जम्मा: | ४१५१९००० | ७५७००० | ४०७६२००० |
| | आन्तरिक श्रोत अनुमान जम्मा: | ३०००००० | १५००००० | १५००००० |
| | संचित कोष बचत अनुमान जम्मा: | ३००००००० | ० | ३००००००० |
| | पर्वतारोहण रोयल्टी अनुमान जम्मा: | ७००००० | ० | ७००००० |
| | कूल जम्मा: | २७००९०००० | ११८५२८००० | १५१५६२००० |

अनुसूची २

छार्का ताङसोङ गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

कागकोट डोल्पा

आ व २०८३।०८४ को एकीकृत विषयगत बजेट विनियोजन

| क्र सं | विषयगत समिति | क्षेत्र | प्रस्तावित रकम | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | | संचित कोष | संघीय सशर्त | प्रदेश सशर्त | वित्तीय समानीकरण | राजश्व बाँडफाँड | |
| १ | पूर्वाधार विकास समिति | भवन, वस्ती, आवास तथा शहरी विकास | ६७५०००० | ० | १४०००००० | ११३००००० | ० | ३२०५०००० |
| | | सडक पुल तथा यातायात व्यवस्था | ६८८२००० | ० | ६०००००० | ४२०००००० | ० | ५४८८२००० |
| | | जलश्रोत, विद्युत तथा स्वच्छ उर्जा | ० | ० | ० | ० | ० | ० |
| | | सूचना तथा संचार प्रविधि विकास | ० | ० | ० | २११५००० | ० | २११५००० |
| | | जम्मा: | १३६३२००० | ० | २००००००० | ५५४१५००० | ० | ८९०४७००० |
| २ | संस्थागत विकास, क्षमता अभिवृद्दि तथा सुशासन समिति | स्थानीय सेवा तथा जनशक्ति व्यवस्थापन | ० | ० | ० | १८००००० | ७७३७१००० | ७९१७१००० |
| | | संगठन तथा क्षमता विकास | १७००००० | ० | ० | ३०००००० | ० | ४७००००० |
| | | राजश्व तथा श्रोत परिचालन | ० | ० | ० | १००००० | ० | १००००० |
| | | तथ्याङ्क प्रणाली तथा योजना र विकास व्यवस्थापन | ९४६०० | ५००००० | ० | २००००० | ० | ७९४६०० |
| | | नीति, कानून, न्याय तथा सुशासन | १८००००० | ० | ० | ० | ० | १८००००० |
| | | जम्मा: | ३५९४६०० | ५००००० | ० | ५१००००० | ७७३७१००० | ८६५६५६०० |
| ३ | आर्थिक विकास समिति | कृषि विकास | १६१५००० | १२००००० | ० | ७००००० | ० | ३५१५००० |
| | | पशुपन्क्षी विकास | २२३०००० | १३००००० | ० | ३०००००० | ० | ६५३०००० |
| | | सिंचाई | ० | ० | ४०००००० | ६१५००० | ० | ४६१५००० |
| | | पर्यटन प्रवर्द्दन | ५३७४००० | ० | ० | ० | ० | ५३७४००० |
| | | सहकारी तथा गरिवी निवारण एवं वित्तीय क्षेत्र | ७००००० | ० | ० | ० | ० | ७००००० |
| | | उद्योग, व्यापार तथा व्यवसाय | ८००४०० | ७००००० | ० | ० | ० | १५००४०० |
| | | श्रम तथा रोजगार | ० | १७००००० | ० | १०६३००० | ० | २७६३००० |
| | | जम्मा: | १०७१९४०० | ४९००००० | ४०००००० | ५३७८००० | ० | २४९९७४०० |
| ४ | सामाजिक विकास समिति | शिक्षा, संस्कृति, भाषा कला तथा साहित्य | १९८४००० | १८७००००० | ४५००००० | २००००० | ० | २५३८४००० |
| | | जनस्वास्थ्य तथा पोषण | १५००००० | १८५००००० | ७५७००० | ४०७०००० | ० | २४८२७००० |
| | | खानेपानी तथा सरसफाई | ३००००० | ० | ५०००००० | ० | ० | ५३००००० |
| | | महिला, बालबालिका तथा सामाजिक समावेशीकरण | ० | ३००००० | ० | ५००००० | ० | ८००००० |
| | | युवा, खेलकूद तथा नवप्रवर्तन | ० | ० | ० | ० | ० | ० |
| | | जम्मा: | ३७८४००० | ३७५००००० | १०२५७००० | ४७७०००० | ० | ५६३११००० |
| ५ | वन, वातावरण तथा विपद व्यवस्थापन समिति | वन, हरियाली र जैविक विविधता | ० | ० | ० | २००००० | ० | २००००० |
| | | भू संरक्षण र जलाधारको व्यवस्थापन | ४००००० | ० | २०००००० | ४०००००० | ० | ६४००००० |
| | | वातावरण तथा फोहोरमैला व्यवस्थापन | १५७०००० | ० | ० | २००००० | ० | १७७०००० |
| | | विपद व्यवस्थापन तथा जलवायु उत्थानशीलता | ० | ० | ० | ४७९९००० | ० | ४७९९००० |
| | | जम्मा: | १९७०००० | ० | २०००००० | ९१९९००० | ० | १३१६९००० |
| | | कूल जम्मा: | ३३७००००० | ४२९००००० | ३६२५७००० | ७९८६२००० | ७७३७१००० | २७००९०००० |